सिदिङ्वा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
साब्लाखु, ताप्लेजुङ
१ नं. प्रदेश नेपाल


☎ अध्यक्ष -९८०७९२८५५५
☎ उपाध्यक्ष -९८५२६८११७१
☎ प्र. प्र. अ.-९८५२६६०१५३


**सूचना नं. ६४-२०७७/०७८** **मितिः २०७८/०३/२९**

सिदिङ्वा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय साब्लाखु-ताप्लेजुङ १ नं. प्रदेश, नेपाल

## बिषयः गाउँसभाको अधिबेशन तथा सेवा प्रवाह स्थगित गर्ने बारे ।

प्रस्तुत बिषयमा बिश्वब्यापीरुपमा फैलिएको कोरोना भाइरसको नयाँ भेरियन्ट सहितको दोश्रो लहरको प्रकोपबाट यस गाउँपालिका वडा नं. ६, मेहेलमा मिति २०७८/०३/२८ गते गरिएको एन्टिजेन परीक्षण बाट १७ जना र यस गाउँपालिकाको वडा नं. ४, साब्लाखुमा मिति २०७८/०३/२९ गते गरिएको एन्टिजेन परीक्षण बाट १२ जना संक्रमित देखिएको र पछिल्लो दिनमा दिन प्रतिदिन संक्रमणको दर बढ्दै गइरहेकोले गाउँ कार्यपालिकाको बैठक संख्या ८९-१७-२०७७।०७८ मिति २०७८।०३।३० गतेको बैठकको निर्णयानुसार मिति २०७८/०३/३० गते तय भएको सातौँ गाउँसभा अधिवेशन **अर्को ब्यबस्था नभइन्जेल सम्मको लागि** र यस गाउँपालिकाको कार्यालय, अन्तर्गतको सम्पुर्ण वडा कार्यालय तथा स्वास्थ्य चौकीबाट अति आवश्यक प्रकृतिका बाहेक अन्य दैनिक सम्पुर्ण सेवाहरु **अर्को सूचना नभइन्जेल** सम्मको लागि स्थगित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**यस बाट सम्बन्धित सरोकारवालाहरुलाई पर्न गएको असुविधा प्रति क्षमाप्रार्थी छौ।**

<u>**अतिआवश्यक सेवाहरुः**</u>

१. एम्बुलेन्स सेवा
२. अति आवश्यक स्वास्थ्य जाँच
३. स्वास्थ्य परामर्श सेवा
४. कोभिड-१९ संग सम्बन्धित रिपोर्टिङ
५. एन्टिजेन तथा पि.सि.आर. परीक्षण
६. गाउँपालिकाले आवश्यक ठानेका अन्य अति आवश्यक सेवाहरु

सुमन लिङ्देन (लिम्बु)
प्रमुख प्रशासकीय अधिकृत